## नेपाल सरकार

## ऊर्जा मन्त्रालय

**ऊर्जा मन्त्रालयबाट स्वीकृत मिति : २०७१।०८।२५**

# विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका, २०७१

विद्युत नियमावली, २०५० को नियम ९४क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

**प्रस्तावनाः** विदेशी विनिमय ऐन, २०१९ अर्न्तगत विदेशी विनिमय सुविधा प्रदान गर्न अधिकार प्राप्त नेपाल राष्ट्र बैंकले विद्युत आयोजनाका प्रवर्द्धकहरुको लागि ऊर्जा मन्त्रालय तथा विद्युत विकास विभागबाट नियामक निकायको हैसियतमा सिफारिस माग गर्ने गरिएको सन्दर्भमा प्रवर्द्धकहरुको लागि विदेशी विनिमय सुविधा सिफारिसलाई व्यवस्थित र नियमित गर्ने उद्देश्यले ऊर्जा मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले विद्युत ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "विभाग" विद्युत विकास विभाग सम्झनु पर्छ ।

(ग) "सर्वेक्षण" भन्नाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि गरिने सर्वेक्षणको कार्य सम्झनु पर्छ र सो शब्दले सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेतलाई जनाउँछ ।

(घ) "विद्युतको उत्पादन, प्रसारण वा वितरण" भन्नाले विद्युतको उत्पादन, प्रसारण वा वितरणसंग सम्बन्धित संरचनाहरुको निर्माण, संचालन तथा मर्मत संभार सम्झनु पर्छ ।

(ङ) "अनुमतिपत्र" भन्नाले विद्युत ऐन, २०४९ अन्तर्गतको अनुमतिपत्र सम्झनु पर्छ ।

(च) "प्रवर्द्धक" भन्नाले विद्युत आयोजनाको सर्वेक्षण,उत्पादन,प्रसारण, वितरणको अनुमतिपत्र प्राप्त गरेको व्यक्ति संस्थालाइ संझनु पर्दछ । सो शब्दले बिद्युत ऐन,२०४९ को दफा ३५ बमोजिम नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासँग करार गरी सोही करारमा उल्लेखित शर्तहरुको आधारमा उत्पादन प्रसारण वितरण गर्न दिएको व्यक्ति वा संस्थालाई समेत जनाउनेछ ।

(छ) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकलाइ सम्झनु पर्दछ ।

(ज) “मुद्रा” भन्नाले सबै किसिमको करेन्सी नोट, पोस्टल अर्डर, पोस्टल नोट, मनी अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स् चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, क्रेडिट कार्ड सम्झनुपर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएका अन्य यस्तै प्रकारका मौद्रिक उपकरण समेतलाई जनाउँछ ।

(झ) “विदेशी मुद्रा” भन्नाले नेपाली मुद्रा बाहेक अन्य मुद्रा सम्झनुपर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्रइङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(ञ) “विदेशी मुद्रा विनिमय” भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स् चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, क्रेडिटकार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र सम्झनुपर्छ र सो शब्दले बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरण समेतलाई जनाउँनेछ ।

(ट) “सम्झौता” भन्नाले अनुमतिपत्र प्राप्त प्रवर्द्धकले परामर्शदाता, निर्माण व्यवसायी वा आपूर्तिकर्तासँग गरेको ठेक्का सम्झौतालाई जनाउँनेछ ।

## ३. विदेशी मुद्रा विनिमय सुविधाको लागि दरखास्त सम्बन्धी व्यवस्थाः

### (१) परामर्श सेवा सम्बन्धीः-

**(क) सर्वेक्षण कार्य**ः विद्युत आयोजनाको विकास गर्न चाहने अनुमति प्राप्त प्रवर्द्धकले विद्युतको उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण कार्यको परामर्श सेवा वापत गर्नुपर्ने भुक्तानीको लागि आवश्यक विदेशी मुद्रा विनिमय सुविधाको लागि देहाय बमोजिमको कागजातहरु सहित अनुसूची–१ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

१) विद्युत उत्पादन, प्रसारण तथा वितरण प्रणालीको वहाल रहेको सर्वेक्षण अनुमतिपत्रको प्रतिलिपि ।

२) सर्वेक्षण कार्यको परामर्श सेवाको लागि सम्पन्न सम्झौताको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।

३) सम्झौतामा उल्लिखित कार्यको प्रगति प्रतिवेदन ।

४) भुक्तानी तालीका (Payment Schedule)।

५) सम्पन्न कार्य अनुसारको भुक्तानीको लागि जारी भएको बिल बिजक (Invoice)।

६)	विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस माग गर्ने व्यक्तिको सम्बन्धित प्रबर्द्धकबाट जारी भएको अख्तियारी पत्र ।

७)	सम्झौता बमोजिमको कार्यको लागि आवश्यक विदेशी विनिमयको अधिकतम रकम उल्लेख भएको आवश्यक कागजातहरु ।

८)	हाल आवश्यक र विगतमा लिइसकेको विदेशी विनिमय सुविधा सम्बन्धी अनुसूची-३ बमोजिमको अभिलेख ।

९)	माथि देहाय (८) बमोजिम विगतमा प्राप्त गरेको विदेशी विनिमय सुविधाको प्रमाण खुल्ने कागजात ।

१०)	विदेशी मुद्रा अपचलन नगर्ने कवुलियतनामा (अनुसूची-२ बमोजिमको ढाँचा) ।

**(ख)	आयोजना निमार्ण कार्यः** विद्युत आयोजनाको विकास गर्न चाहने प्रवर्द्धकले विद्युतको उत्पादन, प्रसारण तथा वितरणको निर्माण कार्यको परामर्श सेवा वापत गर्नुपर्ने भुक्तानीको लागि आवश्यक विदेशी मुद्रा विनिमय सुविधाका लागि देहाय बमोजिमको कागजातहरु सहित अनुसूची–१ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

१)	विद्युतको उत्पादन, प्रसारण वा वितरणको वहाल रहेको उत्पादन,प्रसारण वा वितरण अनुमतिपत्रको प्रतिलिपि ।

२)	निमार्ण कार्यको परामर्श सेवाको लागि सम्पन्न सम्झौताको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपि ।

३)	सम्झौतामा उल्लिखित कार्यको प्रगति प्रतिवेदन ।

४)	भुक्तानी तालीका (Payment Schedule)।

५)	सम्पन्न कार्य अनुसार भुक्तानीको लागि जारी भएको बिल बिजक (Invoice)।

६)	विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस माग गर्ने व्यक्तिको सम्बन्धित प्रबर्द्धकबाट जारी भएको अख्तियारी पत्र ।

७)	सम्झौता बमोजिमको कार्यको लागि आवश्यक विदेशी विनिमयको अधिकतम रकम उल्लेख भएको आवश्यक कागजातहरु ।

८)	हाल आवश्यक र विगतमा लिइसकेको विदेशी विनिमय सुविधा सम्बन्धी अनुसूची-३ बमोजिमको अभिलेख ।

९)	माथि देहाय (८) बमोजिम विगतमा प्राप्त गरेको विदेशी विनिमय सुविधाको प्रमाण खुल्ने कागजात ।

१०) विदेशी मुद्रा अपचलन नगर्ने कवुलियतनामा (अनुसूची-२ बमोजिम) ।

**(ग) प्रशासनिक एवं लेखा परीक्षण कार्य**: विद्युतको उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण, निर्माण, मर्मत तथा सम्भार कार्यको प्रशासनिक एवं लेखा परीक्षण कार्यको सेवा लिए वापत भुक्तानीको लागि आवश्यक विदेशी मुद्रा विनिमयको लागि देहाय बमोजिमको कागजातहरु सहित अनुसूची–१ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

१) प्रशासनिक एवं लेखा परीक्षण सेवाको लागि सम्पन्न सम्झौताको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपि ।

२) भुक्तानी तालीका (Payment Schedule)

३) कार्य प्रगति वा कार्य सम्पन्न प्रतिवेदन ।

४) भुक्तानीको लागि जारी भएको बिल बिजक (Invoice)।

५) विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस माग गर्ने व्यक्तिको सम्बन्धित प्रबर्द्धकबाट जारी भएको अख्तियारी पत्र ।

६) सम्झौता बमोजिमको कार्यको लागि आवश्यक विदेशी विनिमयको अधिकतम रकम उल्लेख भएको आवश्यक कागजातहरु ।

७) हाल आवश्यक र विगतमा लिइसकेको विदेशी विनिमय सुविधा सम्बन्धी अनुसूची-३ बमोजिमको अभिलेख ।

८) माथी देहाय (७) बमोजिम विगतमा प्राप्त गरेको विदेशी विनिमय सुविधाको प्रमाण खुल्ने कागजात ।

९) विदेशी मुद्रा अपचलन नगर्ने कवुलियतनामा (अनुसूची-२ बमोजिम) ।

(२) **मालसामान आपूर्तिः** विद्युतको उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण तथा निर्माण,मर्मत एवं सम्भार कार्यको लागि विदेशबाट आयात गर्ने बिभिन्न मालसामानहरुको खरिद सम्बन्धी भुक्तानीको लागि आवश्यक विदेशी मुद्रा विनिमयको लागि देहाय बमोजिमको कागजातहरु सहित अनुसूची–१ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

१) विद्युतको उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण तथा निर्माण, मर्मत एवं सम्भार कार्यको लागि वहाल रहेको अनुमतिपत्रको प्रतिलिपि ।

२) मालसामान आपूर्तिकर्ता संग सम्पन्न सम्झौताको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपि ।

३) मालसामानहरुको Bill of Quantities।

४) निर्माणाधीन आयोजनाको कार्य प्रगति ।

५) भुक्तानी तालीका (Payment Schedule)

६) भुक्तानीको लागि जारी भएको बिल बिजक (Invoice) र भुक्तानीको माध्यम ।

६) विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस माग गर्ने व्यक्तिको सम्बन्धित प्रबर्द्धकबाट जारी भएको अख्तियारी पत्र ।

७) सम्झौता बमोजिमको कार्यको लागि आवश्यक विदेशी विनिमयको अधिकतम रकम उल्लेख भएको आवश्यक कागजातहरु ।

८) हाल आवश्यक र विगतमा लिइसकेको विदेशी विनिमय सुविधा सम्बन्धी अनुसूची-३ बमोजिमको अभिलेख ।

९) माथि देहाय (८) बमोजिम विगतमा प्राप्त गरेको विदेशी विनिमय सुविधाको प्रमाण खुल्ने कागजात ।

१०) विदेशी मुद्रा अपचलन नगर्ने कवुलियतनामा (अनुसूची-२ बमोजिम)

(३) **मर्मत सम्भार सेवा:** विद्युतको उत्पादन, प्रसारण तथा वितरणको संचालित आयोजनाहरुको नियमित मर्मत तथा सम्भार कार्यको सेवा लिए वापत भुक्तानीको लागि आवश्यक विदेशी मुद्रा विनिमयको लागि देहाय बमोजिमको कागजातहरु सहित अनुसूची–१ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

१) संचालित आयोजनाहरुको नियमित मर्मत तथा सम्भार कार्यको सेवाको लागि सम्पन्न सम्झौताको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।

२) भुक्तानी तालीका (Payment Schedule)

३) कार्य प्रगति वा कार्य सम्पन्न प्रतिवेदन ।

४) भुक्तानीको लागि जारी भएको बिल बिजक (Invoice)।

५) विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस माग गर्ने व्यक्तिको सम्बन्धित प्रबर्द्धकबाट जारी भएको अख्तियारी पत्र ।

६) सम्झौता बमोजिमको कार्यको लागि आवश्यक विदेशी विनिमयको अधिकतम रकम उल्लेख भएको आवश्यक कागजातहरु ।

७) हाल आवश्यक र विगतमा लिइसकेको विदेशी विनिमय सुविधा सम्बन्धी अनुसूची-३ बमोजिमको अभिलेख ।

८)	माथि देहाय (७) बमोजिम विगतमा प्राप्त गरेको विदेशी विनिमय सुविधाको प्रमाण खुल्ने कागजात ।

९)	विदेशी मुद्रा अपचलन नगर्ने कवुलियतनामा (अनुसूची-२ बमोजिम)

(४)	**थप कागजात पेश गर्न लगाउन सक्ने**: बिदेशी बिनिमय सुबिधाको लागि सिफारिश गर्दा बिभागले आबश्यक देखेका अन्य थप कागजात बढीमा १५ दिनको समय तोकी पेश गर्न लगाउन सक्नेछ ।

अनुसूची - १

**( दफा ३ को उपदफा (१),(२) र (३)सँग सम्बन्धित)**

मितिः

**श्रीमान् महानिर्देशकज्यू,**
**विद्युत विकास विभाग,**
**थापागाउँ, अनामनगर,**
**काठमाडौं ।**

**विषयः (*कार्य विवरण .............*)विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धमा ।**

यस (प्रबर्द्धकको नाम ................) द्वारा संचालित/निर्माणाधीन(*आयोजनाको नाम ................*)को

क. परामर्श सेवा ☐ ख. मालसामान आपूर्ति ग. मर☐ सम्भार सेवा ☐

घ. अन्य सेवा ☐

गरे वापत श्री (प***रामर्श सेवा दिने व्यक्ति वा संस्था/निर्माण व्यवसायी/आपूर्तिकर्ता संस्था वा सम्बन्धीत अन्य संस्थाको नाम*......) ले जारी गरेको (**Invoice no.**) मा उल्लिखित (***विदेशी मुद्राको रकम उल्लेख गर्ने***......) रकम (***भुक्तानीको माध्यम उल्लेख गर्ने......)*** मार्फत उक्त संस्थालाई भुक्तानी गर्नुपर्ने भएकोले श्री नेपाल राष्ट्र बैंकलाई आवश्यक विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस गरिदिनुहुन संलग्न वमोजिमका कागजात/विवरण/प्रतिवेदन राखि यो निवेदन पेश गरेको छु ।

**संलग्न विवरण**

१.

२.

.

**निवेदक**

अख्तियार प्राप्त अधिकारीको
सहीः
(प्रवर्द्धक कम्पनीको छाप) नामः
दर्जाः

# अनुसूचि - २

**( दफा ३ को उपदफा (१),(२) र (३)सँग सम्बन्धित)**

## कबुलियतनामा

लिखितम्...............................................................................कम्पनीको अधिकारप्राप्त श्री ..............................................ले.......................गर्न............................. विद्युत आयोजना विकास गर्ने क्रममा परामर्श सेवा/ मालसमान अपूर्ति/ मर्मत सम्भार सेवा लिए वापत भुक्तानी गर्नको लागि आवश्यक विदेशी मुद्रा विनिमय सुविधाको सिफारिस पाउँ भनी यस विभागमा दिएको निवेदन बमोजिम यस विभागको सिफारिसबाट प्राप्त विदेशी मुद्रा गैर कानूनी रुपले अपचलन गर्ने छैन । गरेमा कानून बमोजिम सहुँला, बुझाउँला भनी श्री विद्युत विकास विभाग समक्ष यो कबुलियतनामा गरिदिएँ ।

कबुलियत गर्नेको

दस्तखत :-.........................................................

नाम/थर :-.............................................................

दर्जा :..................................................................

नागरिकता प्रमाणपत्र वा पासपोर्ट नं..........................

| दायाँ | बायाँ |
|---|---|
| | |

(प्रवर्द्धक कम्पनीको छाप)

इति सम्बत्..........................साल..........................महिना................गते रोज....................शुभम्

अनुसूची - ३

**( दफा ३ को उपदफा (१),(२) र (३)सँग सम्बन्धित)**

**अभिलेख**

आयोजनाको नामः
कम्पनीको नामः
निर्माण व्यवसायी/परामर्शदाता/आपूर्तिकताः
आयोजनाको कार्य/लट नं.:
सम्झौता नं.:

| सि.नं. | कूल ठेक्का सम्झौता रकम | | सिफारिस भइसकेको कार्यको विवरण | यस अघि सिफारिस भइसकेको रकम | हाल सिफारिस माग भएको कार्यको विवरण | हाल सिफारिस माग भएको रकम | सिफारिस हुन बाँकी रहेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | स्वदेशी मुद्रा | विदेशी मुद्रा | | | | | | |
| | | | | | | | | |

**निवेदक**

अख्तियार प्राप्त अधिकारीको
दस्तदतः
(प्रबर्द्धक कम्पनीको छाप) नाम,थरः
दर्जाः